**गौशाला नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः १० | संख्याः ४ | मितिः २०८३।०२।२७ गते

## भाग-२

## गौशाला नगरपालिका

### विद्यालय व्यवस्थापन गठन प्रक्रिया सम्बन्धी कार्यविधि , २०८३

गौशला नगरपालिका अन्तर्गतका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियालाई पारदर्शी र विधिसम्मत ढंगले सम्पन्न गर्न गौशाला नगरपलिकाको शिक्षा ऐन , २०८० को दफा ४७ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सम्बन्धी कार्यविधि , २०८३ बनाई लागु गरिएको छ।

# विद्यालय व्यवस्थापन गठन प्रक्रिया सम्बन्धी कार्यविधि , २०८३

**प्रस्तावनाः**

गौशला नगरपालिका अन्तर्गतका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियालाई पारदर्शी र विधिसम्मत ढंगले सम्पन्न गर्न गौशाला नगरपलिकाको शिक्षा ऐन , २०८० को दफा ४७ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सम्बन्धी कार्यविधि , २०८३ बनाई लागु गरिएको छ।

**परिच्छेद १: संक्षिप्त नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ:** (क) यो कार्यविधिको नाम "विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

ख. यो कार्यविधि गौशाला नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा .

क. **"नगरपालिका"** भन्नाले गौशाला नगरपालिका सम्झनु पर्दछ ।

ख. **"शिक्षा ऐन"** भन्नाले गौशाला नगरपालिकाको शिक्षा ऐन, २०८० सम्झनु पर्दछ ।

ग. **"आधारभूत तह"** भन्नाले प्रारम्भिक वाल शिक्षा तथा विकास देखि कक्षा ८ सम्मको विद्यालय सम्झनु पर्दछ ।

घ. **"माध्यमिक तह"** भन्नाले कक्षा १२ सम्मको विद्यालय सम्झनु पर्दछ ।

ङ. **"अभिभावक भेला"** भन्नाले प्रचलित कानुन बमोजिमको अभिभावक भेलालाई सम्झनु पर्दछ

च. **"शिक्षा नियमावली"** भन्नाले संघीय शिक्षा नियमावलीलाई सम्झनु पर्दछ ।

छ. **"अभिभावक"** भन्नाले प्रचलित कानुन बमोजिम विद्यार्थीको आमा, बुवा, बाजे, बजे मध्ये एक जना सम्झनु पर्दछ।

ज. **"बहुमत"** भन्नाले बन्द सत्रमा उपस्थित अभिभावक संख्याको ५१% लाई बुझ्नु पर्दछ।

**परिच्छेद २: अभिभावक प्रमाणीकरण**

क. सम्बन्धित विद्यालयको प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति गठन प्रयोजानार्थ बोलाईएको भेलामा निम्न शर्त पुरा गरेका अभिभावक योग्यता प्रमाणीकरण गरेर छुट्टै अभिलेख राख्नु पर्नेछ:

१. विद्यार्थीको बुबा, आमा, बाजे, बज्ये मध्ये एक जना

२. विद्यार्थीको नामांकन भई विद्यालय संचालन भएको ५०% हाजिरी उपस्थिति

ख. अभिभावक प्रमाणीकरण अभिलेख बमोजिम प्रधानाध्यापकले प्रचलित कानुनमा तोकिए बमोजिम अभिभावक सुची प्रकाशित गरि सार्वजनिक गर्नु पर्नेछ।

**परिच्छेदः ३ अभिभावक भेला**

क. विद्यालयले व्यवस्थापन समिति गठन प्रयोजनार्थ प्रचलित कानुन बमोजिम अभिभावक भेला बोलाउनु पर्नेछ।

ख. अभिभावक भेलाको लागि पहिलो पटकमा जम्मा विद्यार्थी संख्याको कम्तिमा एक तिहाई अभिभावक उपस्थितिलाई गण पुरक संख्या मानिनेछ।

ग. माथि जुन सुकै कुरा लेखिएको भए पनि दोश्रो पटक वा त्यस पछि बोलाईएका अभिभावक भेलाको लागि उपस्थित भएका अभिभावक संख्यालाई गण पुरक संख्या मानिनेछ।

घ. यस कार्यविधि प्रमाणीकरण भएको मिति भन्दा अगाडि स्थगित भएको भेलालाई पहिलो पटकको भेला मानिनेछ।

ङ. अभिभावक भेलामा दुई किसिमको बसाईको व्यवस्था गरिनु पर्नेछ : एकातिर अतिथि र अर्को तिर विशुद्ध अभिभावक।

च. अभिभावक भेला दुई सत्रको रुपमा संचालन हुनेछ : एक खुला र अर्को बन्द।

छ. खुला सत्रमा विद्यालयले आमन्त्रण गरेका पुर्व वि.व्य.स.पदाधिकारी , पुर्व प्र.अ., पुर्व विद्यार्थी, छिमेकी विद्यालयका प्र.अ.तथा शिक्षक, चन्दादाता, शिक्षाप्रेमी, पत्रकार र जनप्रतिनिधिहरु मात्र अतिथिको रुपमा सहभागी हुन सक्नेछन।

ज. बन्द सत्र सुरु भए पछि अभिभावक छनौट प्रक्रिया सुरु गरिनेछ।

झ. बन्द सत्रमा अन्य व्यक्तिको मत वा विचार मान्य हुनेछैन। बन्द सत्रमा अन्य व्यक्तिले अभिभावकलाई प्रभावित पार्ने , सहजीकरण गर्ने जस्ता कार्य अमान्य हुनेछ।

**परिच्छेदः ४ वि.व्य.स.सदस्य छनौट सहयोग समिति**

क. विद्यालयमा वि.व्य.स.सदस्य छनौटको लागि सहयोग गर्न तपसिल बमोजिमको वि.व्य.स.सदस्य छनौट सहयोग समिति रहेको छ :

१. संयोजक — नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख वा.शिक्षा अधिकृत वा नगरपालिकाको अधिकृत स्तरको प्रतिनिधि

२. सदस्य : सम्बन्धित वडा अध्यक्ष वा वडा प्रतिनिधि

३. सदस्य सचिव — विद्यालयको प्रधानाध्यापक

**परिच्छेद: ५ अभिभावक छनौट प्रक्रिया**

क. पहिलो चरणमा वि.व्य.स. सदस्य हुन ईच्छुक २ जना महिला अनिवार्य हुने गरी अभिभावकहरुले उम्मेदवारको रुपमा वि.व्य.स.सदस्य छनौट सहयोग समिति समक्ष आफ्नो नाम नामेशी विद्यार्थीको नाम र अध्ययन गरिरहेको कक्षा समेत खुलाएर तोकिएको समय भित्र उम्मेदवारी दर्ता गराउनु पर्दछ।

ख. उम्मेदवारी दर्ताको समय सकिए पछि दर्ता हुन आएका उम्मेदवारी उपर तोकिएको समय भित्र अभिभावक भए नभएको भनि सम्पूर्ण अभिभावक समक्ष दाबी बिरोध पेश गर्न लगाउनु पर्नेछ। बिरोध आएको खण्डमा सदस्य छनौट सहयोग समितिले आवश्यक कागजात हेरी दावी बिरोधको सुनवाई गर्नेछ।

ग. दाबी विरोधको समय सकिए पछि २ जना महिला सहित ४ जना सम्मको उम्मेदवारी दर्ता भएको खण्डमा सम्पूर्ण उपस्थित अभिभावकसमक्ष छनौटको लागि पेश गर्नु पर्नेछ।उपस्थित बहुमत अभिभावकले हात उठाएर सदर गरेमा वि.व्य.स.सदस्यको लागि ४ जना अभिभावक छनौट भएको मानिनेछ।

घ. यदि चार जना भन्दा बढी अभिभावकहरुले उम्मेदवारी दर्ता गराएमा महिला र पुरुषलाई छुट्टा छुट्टै स्थानमा राखी सहमतिको लागि समय प्रदान गर्नु पर्नेछ।

ङ. सहमति भएको खण्डमा सहमतिबाट पेश भएका अभिभावकहरुलाई भेलाको बहुमत अभिभावकद्वारा छनौट गर्न सकिनेछ।

च. सहमति नभएको खण्डमा प्रत्येक उम्मेदवारलाई छनौटको लागि अभिभावक भेला समक्ष पेश गर्नु पर्नेछ। अभिभावक भेलाको बन्द सत्रमा उपस्थित बहुमत अभिभावकले हात उठाएर पास गरिएका उम्मेदवार मात्र सदस्यको रुपमा छनौट हुनेछन।

**परिच्छेद: ६ वि.व्य.स. समिति गठन**

क. अभिभावकबाट चुनिएर आएका २ महिला सहित ४ सदस्यहरु, पदेन सदस्यको रुपमा उपस्थित वडाअध्यक्ष वा वडा प्रतिनिधि गरि ५ जना सदस्यहरुले जेष्ठ सदस्यको अध्यक्षतामा पहिलो बैठक बसी सहमतिमा शैक्षिक योग्यता पुगेको अभिभावकलाई वि.व्य.स.अध्यक्ष छनौट गर्नु पर्नेछ।सहमति हुन नसकेको खण्डमा बहुमत सदस्यहरुद्वारा योग्यता पुगेको अभिभावकलाई अध्यक्ष छनौट गर्नेछ।

ख. पदेन सदस्य रुपमा विद्यालयका प्र.अ.सदस्य सचिव भई बसेको दोस्रो बैठकबाट शिक्षकहरुले चुनेर पठाएको एक जना शिक्षक प्रतिनिधिलाई सदस्यको रुपमा अनुमोदन गराउनु पर्नेछ।

ग. वि.व्य.स.समिति गठन भएको ३ दिन भित्र नगरपालिकामा जानकारी गराउनु पर्नेछ।

**परिच्छेद: ७ वि.व्य.स. अध्यक्ष हुने शैक्षिक योग्यता**

क. आधारभूत तहको लागि कक्षा ८ उत्तीर्ण हुनु पर्नेछ।

ख. माध्यमिक तहको लागि एस.एल.सि./एस.ई.ई.उत्तीर्ण भएको हुनु पर्नेछ।

ग. यदि शैक्षिक योग्यता भएको अभिभावक विद्यालयमा नभएको भनि अभिलेख अनुसार प्रमाणित भएमा साधारण लेखपढ भएको अभिभावकलाई अध्यक्ष छनौट गर्न बाधा पर्ने छैन।

**परिच्छेद: ८ बाधा अड्काउ फुकाउ र खारेजी**

क. यस कार्यविधिको उल्लेखित कुराहरुमा कुनै दुबिधा वा बाधा उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

ख. यो कार्यविधिमा उल्लेखित कुराहरु संघीय शिक्षा ऐन नियमसंग बाझिएको हदसम्म अमान्य हुनेछ।

ग. स्थानीय ऐन कानुनले खारेज नगर्दा सम्म यो कार्यविधि लागु हुनेछ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/२५ गते**

**प्रमाणीकरण मिति: २०८३/०२/२७ गते**

**आज्ञाले,**

**ओम बहादुर अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**